आ.व.२०८२/८३

समयः बिहान १० बजे

बैठक नं. १५

मितिः२०८३/२/८

यस छत्रकोट गाउँपालिका गाउँकार्यपालिकाका अध्यक्ष श्री राम प्रसाद पाण्डेयज्यूको अध्यक्षता तथा तपसिलबमोजिमका कार्यपालिका पदाधिकारीहरूको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नअनुसारको प्रस्ताव माथि छलफल गरी देहाय अनुसारका निर्णय गरियो।

तपसिल

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री राम प्रसाद पाण्डेय | गाउँपालिका अध्यक्ष | | |
| २. | श्री सावित्रा ज्ञवाली | गाउँपालिका उपाध्यक्ष | | |
| ३. | श्री घनश्याम न्यौपाने | वडा नं १ वडा अध्यक्ष | | |
| ४. | श्री नरेन्द्र वहादुर पल्ली | वडा नं २ वडा अध्यक्ष | | |
| ५. | श्री तेजकान्त अर्याल | वडा नं ३ वडा अध्यक्ष | | |
| ६. | श्री गुणाकर ज्ञवाली | वडा नं ४ वडा अध्यक्ष | | गाउँकार्यपालिका प्रवक्ता |
| ७. | श्री वीरवहादुर सोमै | वडा नं ५ का.वा.वडा अध्यक्ष | | |
| ८. | श्री नारायण रेश्मी | वडा नं ६ वडा अध्यक्ष | | |
| ९. | श्री कमला ज्ञवाली | कार्यपालिका सदस्य | | |
| १०. | श्री देवकी पन्त | कार्यपालिका सदस्य | | |
| ११. | श्री भगवती न्यौपाने | कार्यपालिका सदस्य | | |
| १२. | श्री सावित्रा वि.क. | कार्यपालिका सदस्य | | |
| १३. | श्री चन्द्र वहादुर सार्की | कार्यपालिका सदस्य | | |
| १४. | श्री राम वहादुर वि.क. | कार्यपालिका सदस्य | | |
| १५. | श्री राजन पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | | |

अन्य उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | हरि [illegible] | प्रशासकीय अधिकृत | |
| | | | |
| | | | |
| | तारा देवी जाहा | का.स. | |

<u>प्रस्तावनाहरू:</u>

| क्र.स | कार्यसूचीको विषय | प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकका निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा । | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| २ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको च.नं.८७, मिति २०८३/१/२९ गतेको निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा विषयक परिपत्र सम्बन्धमा। | अध्यक्षज्यूबाट | |
| ३ | कृषि यान्त्रिकरण कार्यक्रमका लागि स्रोत व्यवस्थापन सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| ४ | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको जीविकोपार्जन भत्ता तथा सम्मानजनक बिदाइसम्बन्धी कार्यविधि,२०८३ स्वीकृत गर्ने सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| ५ | विपन्न नागरिक स्वास्थ्य बीमा सहयोग कार्यक्रम कार्यविधि,२०८३ स्वीकृत गर्ने सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| ६ | गल्फाकोट,पधेँरागैरा घुम्टी र बाह्र बिसेमा गिट्टी बिछ्याउने कार्यबापतको रकम रु २४,५२८ /- भुक्तानीको लागि प्राप्त निवेदनको सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| ७ | ठाटीबारी, गुर्जिनेटा,सुनारटोला र भ्यूडाँडाँमा गिट्टी बिछ्याउने कार्यबापतको रकम रु ३२,६०७/- भुक्तानीको लागि प्राप्त निवेदनको सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| ८ | जिल्ला ब्याडमिन्टन संघ,गुल्मीलाई खेल प्रायोजकाका रुपमा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| ९ | गैरिखुट्टा सामुदायिक स्वास्थ्य इकाइका लागि निःशुल्क जग्गा प्राप्ति गर्ने सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |

<u>निर्णयहरू:</u>

१. छत्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८३ वैशाख २५ गते बसेको बैठकका निर्णयहरू कार्यान्वयनको अवस्था बारेमा समीक्षा गरियो, निर्णय कार्यान्वयन सन्तोषजनक भएको पाइयो।

२. शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको च.नं.८७, मिति २०८३/१/२९ गतेको निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा विषयक परिपत्रमाथि छलफल गर्दा शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८३/१/२८ गतेको निर्णयानुसार स्वीकृत पाठ्यक्रमले तोकेअनुसारको कार्यघण्टालाई मिलाउन प्रार्थना समय र खाजा समयलाई व्यवस्थापन गर्ने, शुक्रबार पूरा समय पठनपाठन गराउने, हिउँदे/बर्खे बिदाको अवधि ४५ दिनलाई ३० दिन कायम गर्नेलगायतका (६) बुँदाका विषयले आइतबारको बिदाबाट हुने शैक्षिक पठनपाठनको क्षतीलाई आपूरण गर्ने देखिएकाले शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८३/१/२८ गतेको निर्णयलाई कार्यान्वयन गर्ने निमित्त सर्वसम्मत निर्णय गरियो।

३. कृषि यान्त्रिकरणका लागि तपसिलका शीर्षकहरूबाट रकम व्यवस्था गरी मागअनुसार हाते ट्रयाक्टर र कम्बाइन्ड राइस मिल ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने निर्णय गरियो।

तपसिल:-

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित बजेट रु | कैफियत |
|---|---|---|---|
| १ | यान्त्रिकरण कार्यक्रम | १०,००,०००/- | |
| २ | उखु प्रवर्द्धन कार्यक्रम | ५,००,०००/- | |
| ३ | अलैचि परिक्षण कार्यक्रम | १,००,०००/- | |
| ४ | कृषि उद्यमीहरुलाई जग्गा भाडा रकम अनुदान व्यवस्थापन | २,००,०००/- | |
| ५ | प्राङ्गारीक तरकारी उत्पादन कार्यक्रम तथा विषादी न्यूनीकरण | १,००,०००/- | |
| ६ | चिया परिक्षण कार्यक्रम | १,००,०००/- | |
| | जम्मा रकम | २०,००,०००/- | |

४. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको जीविकोपार्जन भत्ता तथा सम्मानजनक बिदाइसम्बन्धी कार्यविधि,२०८३ स्वीकृत गर्ने निर्णय गरियो।

५. विपन्न नागरिक स्वास्थ्य बीमा सहयोग कार्यक्रम कार्यविधि,२०८३ स्वीकृत गर्ने निर्णय गरियो।

६. गल्फाकोट,पधेँरागैरा घुम्टी र बाह्र बिसेमा गिट्टी बिछ्याउने कार्यबापत प्राविधक मूल्याङ्कन बमोजिमको रकम रु २४,५२८ /- भैपरी आउने पूँजीगत शीर्षकबाट भुक्तानी दिने निर्यण गरियो।

७. ठाटीबारी, गुर्जिनेटा,सुनारटोला र भ्यूडाँडाँमा गिट्टी बिछ्याउने कार्यबापत प्राविधक मूल्याङ्कन बमोजिमको रकम रु ३२,६०७/- भैपरी आउने पूँजीगत शीर्षकबाट भुक्तानी दिने निर्यण गरियो।

८. जिल्ला ब्याडमिन्टन संघ,गुल्मीले प्रथम प्रदेश स्तरीय खुला व्याडमिन्टन प्रतियोगिता आयोजना गरेको र सो कार्यक्रमको खेल प्रायोजकाका रुपमा आर्थिक सहयोग उपलब्ध गराउको लागि प्रस्तावना सहित पेस गरेको निवेदनमाथि छलफल गरी रु २०,०००/-(अक्षरेपि बिस हजारमात्र) सहयोग उपलब्ध गराउने निर्णय गरियो।

९. गौरिखुट्टा सामुदायिक स्वास्थ्य इकाइको भवन निर्माण प्रयोजनका लागि नि:शुल्क जग्गा उपलब्ध गराउन इच्छुक देहायका जग्गादाताबाट तपसिलबमोजिमको जग्गा प्राप्तिको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

तपसिल:-

| क्र.सं. | जग्गादाताको नाम | ठेगाना | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| १. | गङ्गा देवी घिमिरे | छत्रकोट-६,दौघा(साविक खर्ज्याङ्ग गा.वि.स,वडा नं ३) | १२०३ | २-०-२-२ बाट ०-६-२-० |